# पचालझरना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.pachaljharanamun.gov.np
Email:pachaljharnagaupalika@gmail.com
ito.pachaljharanamun@gmail.com

पत्र संख्या :२०८१/०८२
चलानी नं. १/सूचना नं. २८

मिति: २०८१/११/१८

सूचना ! सूचना !! सूचना !!!

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी घुम्ति शिविर सञ्चालन गरिने सम्बन्धमा ।**

कतै तपाईले बर्षौं देखि पुर्खेयौली पेशाको रुपमा दर्ता नगरी भेडा, बाख्रा पालन व्यवसाय गर्दै आउनु भएको त छैन...
कतै तपाईलाई आफ्नो व्यवसाय दर्ता गर्न पालिका वा वडा कार्यालय सम्म धाउन झन्झट त लागिरहेको छैन.....
कतै तपाईलाई आफ्नो व्यवसाय दर्ता गर्न पुर्‍याउनु पर्ने प्रक्रियागत जटिलताले दिक्क त पारेको छैन....
कतै तपाईले आफ्नो व्यवसाय दर्ता नविकरण नगरी बस्नु भएको त छैन......
कतै तपाईलाई विविध कारणवस आफ्नो व्यवसाय खारेज गर्न मन लागेको त छैन.......
यदि यसो हो भने अब चिन्ता नलिनुहोस,

यस पचालझरना गाउँपालिकाको उद्यम विकास शाखाको आयोजनामा "**उद्यम गरौं, आत्मनिर्भर बनौं, समृद्ध पचालझरना निर्माणमा योगदान गरौं**" भन्ने मुल नाराका साथ यहि मिति २०८१/११/२१ गते देखि गाउँपालिकाका वडा नं. १ देखि वडा नं. ९ अन्तर्गतका वडाहरुमा व्यवसाय दर्ता, नविकरण र खारेजी सम्बन्धी घुम्ति सेवा शिविर सञ्चालन हुने भएकोले सो शिविरमा सहभागी भई आफ्नो व्यवसाय दर्ता, नविकरण तथा खारेजी गर्न हुन सम्बन्धित सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।

**व्यवसाय दर्ता गर्न आवश्यक कागजात:**

१. व्यवसाय दर्ता सम्बन्धी निवेदन,
२. जग्गाधनी को लालपुर्जा
३. जग्गाको मालपोत तिरेको रसिद
४. उद्यमीले आफ्नो नागरिकता ल्याउनु पर्ने,
५. उद्यमीको फोटो शिविर स्थलमै खिचिनेछ,
६. वडा कार्यालयको सिफारिस शिविर स्थलमै उपलब्ध गराईनेछ,
७. अन्य आवश्यक कागजातको फोटोकपी शिविर स्थलमै गरिने छ,
८. दर्ता प्रमाणपत्र शिविर स्थलमै उपलब्ध गराईनेछ,
९. उद्यमीले तिर्नुपर्ने दर्ता सेवा शुल्क रु. ५००।

**व्यवसाय नविकरण गर्न आवश्यक कागजात:**

१. व्यवसाय नविकरण सम्बन्धी निवेदन
२. आफ्नो व्यवसाय दर्ताको प्रमाण पत्र
३. स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र
४. करचुक्ताको प्रमाण पत्र
५. व्यवसाय नविकरण सेवा शुल्क रु. ५००

**व्यवसाय दर्ता खारेजी गर्न आवश्यक कागजात:**

१. उद्यमीको व्यवसाय खारेजी सम्बन्धीको निवेदन
२. आफ्नो व्यवसाय दर्ताको सक्कल प्रमाण पत्र
३. स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र
४. स्थायी लेखा नम्बर खारेजी गर्न आन्तरिक राजस्व कार्यालयलाई गरिने सिफारिस शुल्क रु. २००

**व्यवसाय दर्ता, नविकरण तथा खारेजी घुम्ति शिविर सञ्चालन गरिने मिति र स्थान:**

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. १ सिकु | मिति २०८१/११/२१ | वडा नं. २ खयरकोट | मिति २०८१/११/२२ | वडा नं. ९ लडकाटिया | मिति २०८१/११/२९ |
| वडा नं. ३ खार्दु | मिति २०८१/११/२३ | वडा नं. ४ राम्नाकोट | मिति २०८१/११/२४ | | |
| वडा नं. ५ बाइँकोट | मिति २०८१/११/२५ | वडा नं. ६ मुग्राह | मिति २०८१/११/२६ | | |
| वडा नं. ७ नानिकोट | मिति २०८१/११/२७ | वडा नं. ८ बारपाते | मिति २०८१/११/२८ | | |

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत